चिचिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८१/०८२
चलानी नं.: ९६०९

## कर्मचारीको तह वृद्धि सम्बन्धी सूचना ।

**प्रकाशित मितिः** २०८१/०८/२०

प्रस्तुत विषयमा यस कार्यालय र अन्तर्गतका कार्यालयहरूमा कार्यरत स्थायी कर्मचारीहरूको तह वृद्धिका लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० अनुसार योग्यता पुगेका कर्मचारीहरूले दफा २७ को उपदफा (३) बमोजिम तह वृद्धिका लागि तपसिलका कागजात सहित चिचिला गाउँपालिकाको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० को अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएका आवेदन उपर कुनै कारबाही नहुने व्यहोरा अनुरोध छ ।

तपसिलः

१. चिचिला गाउँपालिकाको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० को अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन,
२. सुरु नियुक्ति पत्र, बढुवा भएको भए सो सम्बन्धी कागजात, सेवा अवधि प्रमाणित सम्बन्धी कागजात, समायोजन भएको भए समायोजन भएको पत्र, भौगोलिक क्षेत्रमा सेवा गरेको अवधि प्रमाणित गर्ने कागजात,
३. पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनको सक्कल प्रति,
४. सेवा समूहसँग सम्बन्धित न्यूनतम शैक्षिक योग्यता खुल्ने प्रमाणित कागजात,
५. गयलकट्टी नभएको, सेवामा अविच्छिन्न रूपमा रहेको, विभागीय कारबाहीमा नपरेको, पेसा सम्बन्धी व्यावसायिक परिषद्ले प्रमाणपत्र उपलब्ध गराउने भए सो सम्बन्धी कागजातहरू,
६. शैक्षिक योग्यताको प्रमाणपत्र ।

२०८१/०८/२०
...................
(सन्तोष राई)
प्रमुख प्रशासकीय अधिकृत